## बैठक संख्या – १०

आज मिति २०८२/०९/१३ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय पारित गरियो।

उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २ | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ३ | श्री नारद सिंह उर्याल | सदस्य | |
| ४ | श्री दुर्गा प्रसाद चौधरी | सदस्य | |
| ५ | श्री विर बहादुर खड्का | सदस्य | |
| ६ | श्री ईन्द्र बहादुर खड्का | सदस्य | |
| ७ | श्री गौरी देवी पाध्या | सदस्य | |
| ८ | श्री हर्कमती पाध्या | सदस्य | |
| ९ | श्री तारा देवी गिरी | सदस्य | |
| १० | श्री बसन्ती सुनार | सदस्य | |
| ११ | श्री चेतराम माली | सदस्य | |
| १२ | श्री मिना सुनार | सदस्य | |
| १३ | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या- १०/ २०८२-०८३/मिति २०८२/०९/१३ गते

प्रस्ताव नं. १ आर्थिक वर्ष २०८१/०८२ को योजना तथा कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं.१ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको खर्च अनुमोदनका लागि १८ औं गाउँसभामा पेश गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ गाउँपालिकाको विनियोजन ऐन,२०८२ संशोधन सम्बन्धमा ।

निर्णय नं. २: प्रस्ताव नं.२ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको विनियोजन ऐन ,२०८२ संशोधन विधेयक १८ औं गाउँसभामा पेश गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ३ संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण, २०८२ सम्बन्धमा ।

निर्णय नं. ३: प्रस्ताव नं.३ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण , २०८२ बेलडाँडी गाउँपालिकाको १८ औं गाउँसभामा पेश गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ४ पुन: सूचना प्रकाशन सम्बन्धमा ।

निर्णय नं. ४: प्रस्ताव नं.४ माथि छलफल गर्दा मिति २०८२ भदौ १८ गतेको कार्यपालिकाको बैठक अनुसार बेलडाँडी गाउँपालिका अन्तर्गत घरनक्सा नियमन तथा अभिलेखीकरणका लागि ३५ दिने सूचना प्रकाशित गर्ने निर्णय भएर निर्णय अनुसारको सूचना प्रकाशन गरेता पनि सम्बन्धित सरोकारवालाको निवेदन न्यून संख्यामा परेको हुनाले पुन: घरनक्सा नियमन तथा अभिलेखीकरणका लागि ३५ दिने सूचना प्रकाशित गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ५ कार्यविधि संशोधन सम्बन्धमा ।

निर्णय नं. ५: प्रस्ताव नं.५ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकामा बनाईएका देहायका कार्यविधिहरु संशोधन गर्नुपर्ने आवश्यकता रहेकोले कार्यविधि संशोधन गरि स्वीकृत गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

क) बेलडाँडी गाउँपालिकाको कार्यसंचालन निर्देशिका,२०७८

ख) स्वास्थ्य संस्थाहरुमा अतिरिक्त सेवा संचालन सम्बन्धि कार्यविधि,२०८२

प्रस्ताव नं ६ ठेक्का खोल्ने सम्बन्धमा।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रदेश सरकार विशेष अनुदान मार्फत बेलडाँडी गाउँपालिका वडा नं ५ वैजनाथ मा.वि. को शौचालय निर्माणका रु.२५ लाख विनियोजन भएकोमा थप २० प्रतिशत रकम पालिकाले व्यहोर्ने गरि बजेट सुनिश्चित गरेर ठेक्का प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो ।

प्रस्ताव नं. ७ अख्तियारी दिने सम्बन्धमा ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल हुँदा हामी विरुद्ध सम्मानीत श्री प्रशासकीय अदालतमा शिक्षक श्री कृपाराम उपाध्यायले पुनरावेदन दर्ता गर्नु भई उक्त आदेशको जानकारी सोही मिति २०८२/०७/२८ गते मुद्धाको जानकारी प्राप्त हुन आएकोले उक्त मुद्धासंग सम्बन्धित विभिन्न प्रकारका निवेदन, लिखित जवाफ तथा थप जुनसुकै काम कारवाही गरि उक्त मुद्धामा आवश्यक जुनसुकै अदालतमा हाम्रो तर्फबाट उपस्थित भई मुद्धामा पुर्पक्ष गर्न तथा सम्मानीत श्री प्रशासकीय अदालत बाट हामीलाई उपस्थित हुने जानकारी भएमा उपस्थित भई मुद्दाको सम्पूर्ण काम कारवाही गरि परामर्श समेत गर्नको लागि जिल्ला कञ्चनपुर बेलौरी नगरपालिका वडा नं. १० घर भई हाल जिल्ला काठमाण्डौ,का.म.न.पा.-२९ बस्ने केशव दत्त जोशीका छोरा वर्ष २५ को सन्दिप जोशी (ना प्र प नं. ७५-०१-७७-०६१६५) लाई अख्तियारी दिने सर्वसम्मतिले निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रशासकीय अधिकृत

CamScanner